मितिः २०८० साल वैशाख १७ गते आइतवार

बैठक नं. १९

स्थानः माछापुच्छ्रे गाउँपालिकाको सभाहल।

वैठकः गाउँ कार्यपालिकाको वैठक।

अध्यक्षताः श्री मिन वहादुर गुरुङ्ग, गाउँपालिका अध्यक्ष, माछापुच्छ्रे गाउँपालिका

उपस्थितिः

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री मिन वहादुर गुरुङ | अध्यक्ष |
| | श्री सीता अधिकारी | उपाध्यक्ष |
| | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री इन्द्र गुरुङ | वडा अध्यक्ष, वडा नं १ |
| | श्री गणेश आचार्य | वडा अध्यक्ष, वडा नं २ |
| | श्री हरिश्चन्द्र लम्साल | वडा अध्यक्ष, वडा नं ३ |
| | श्री मधुसुधन अधिकारी | वडा अध्यक्ष, वडा नं ४ |
| | श्री नारायण प्रसाद पौडेल | वडा अध्यक्ष, वडा नं ५ |
| | श्री टेकनाथ गौतम | वडा अध्यक्ष, वडा नं ६ |
| | श्री वैकुण्ठ प्रसाद भण्डारी | वडा अध्यक्ष, वडा नं ७ |
| — | श्री राम वहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं ८ |
| | श्री हरि वहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं ९ |
| | श्री जमुना पुन | कार्यपालिका सदस्य |
| — | श्री मन कुमारी तामाङ | कार्यपालिका सदस्य |
| | श्री शर्मिला तामाङ | कार्यपालिका सदस्य |
| | श्री श्रीदेवी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री राजु सार्कि | कार्यपालिका सदस्य |
| | श्री सुरेश परियार | कार्यपालिका सदस्य |

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताघाँचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं १ : बालमैत्री स्थानीय शासन गाउँ समितिले पेश गरेको प्रस्ताव सम्वन्धमा ।

निर्णय नं १ : मिति २०८०।०१।१७ मा बसेको बालमैत्री स्थानीय शासन गाउँ समितिले निर्णय गरी कार्यपालिकामा अनुमोदनको लागि पेश गरे बमोजिम वडा नं १, ३, ४ र ५ मा बालमैत्री स्थानीय शासन अवलम्वनको लागि कार्यक्रम संचालन गर्ने र गाउँ पालिकाबाट विनियोजित बजेट रु. ६ लाख महिला वालवालिका तथा ज्येष्ठ नागरिक शाखालाई आवश्यकता अनुसार परामर्श सहयोग लिई कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं २ : स्थानीय स्रोत साधन उत्खनन् तथा हार्भेस्टिङ राजस्व सम्वन्धमा ।

निर्णय नं २ : प्रस्ताव नं २ माथि छलफल गर्दा वडा नं २ ढावामा अवस्थित फेउसरका बराह क्रसर उद्योगले हार्भेस्टिङ तथा संचय गरि राखेको ढुङ्गा गिटी र बालुवाको स्रोत खुल्न नसकेको तथा आयातको बिल भरपाई समेत प्राप्त हुन नसकेको हुँदा मौजुदा संचित परिमाणको आधारमा रु. १० लाख रुपैयां राजस्व असुल गर्ने र अब आईन्दा प्रचलित नियम कानून बमोजिम मात्र प्राकृतिक स्रोत साधनको संकलन तथा विक्री वितरण गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं ३ : फेउसरका क्रसर उद्योग प्रा. लि., माछापुच्छ्रे-२ ले पेश गरेको बालुवा प्रशोधन सम्बन्धी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं ३ : प्रस्ताव नं ३ माथि छलफल गर्दा वडा नं २ ढावामा अवस्थित फेउसरका बराह क्रसर उद्योगले वालुवा प्रशोधन उद्योग संचालन गर्ने उदेश्य राखी पेश गरेको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन उपर मिति २०८०।०१।०३ को कार्यपालिका बैठकमा छलफल हुँदा उक्त प्रतिवेदन स्वीकृतिको लागि दूरी सम्बन्धी मापदण्ड नपुगेको देखिएकोमा उक्त क्रसर उद्योगको मिति २०८०।०१।०३ को पत्र बमोजिम बालुवा प्रशोधन आफ्नो हकभोगको जमिन मध्ये मापदण्ड पुग्ने स्थानबाट गर्न सकिने स्वीकारोक्ति भएको तथा गाउँपालिकाका अमिन

निर्णय प्रमाणित।
०८०।०१।१८

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

श्री मिनराज आचार्यले मिति २०७९।१२।१४ मा पेश गरेको प्रतिवेदन बमोजिम कित्ता नं १४८२ मा बालुवा प्रशोधनका लागि दुरी सम्बन्धी न्यूनतम मापदण्ड पुग्ने देखिएकोले कित्ता नं १४८२ को मापदण्ड पुग्ने स्थानमा बालुवा प्रशोधन संचालन गर्न माछापुच्छ्रे गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ७ को उपदफा ५ बमोजिम प्रचलित ऐन कानूनको विपरित नहुनेगरी तथा संघीय तथा प्रदेश कानूनसँग बाझिएको हकमा स्वतः बदर हुनेगरी उक्त प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं ४ :</u> पर्यटन पदमार्गहरुको स्तरोन्नति तथा प्रवर्द्धन सम्बन्धमा ।

<u>निर्णय नं ४</u> : प्रस्ताव नं ४ माथि छलफल गर्दा देहाय बमोजिम योजना तथा कार्यक्रम मार्फत पर्यटन पदमार्गहरुको स्तरोन्नति तथा प्रवर्द्धन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>देहायः</u>

| क्र.सं | योजना/कार्यक्रमको नाम | विनियोजन हुने रकम | बजेटको स्रोत |
|---|---|---|---|
| १ | माछापुच्छ्रे मोडेल ट्रेक पदमार्ग स्तरोन्नति, वडा नं ९ | २ लाख मात्र | गाउँपालिका भित्रका पर्यटन पदमार्गहरुको स्तरउन्नती तथा प्रवर्द्धन । |
| २ | कोप्रेभिर-ठूलोभिर बनमौरी संरक्षण तथा प्रवर्द्धन, वडा नं ९ | १ लाख २५ हजार मात्र | |
| ३ | ग्रेट माछापुच्छ्रे ट्रेल पदमार्ग स्तरोन्नति, वडा नं १ | ४ लाख मात्र | |
| ४ | नमसुं-किर्कु-ताराहिलटप पदमार्ग स्तरोन्नति, वडा नं २ | २ लाख मात्र | |

<u>प्रस्ताव नं ५ :</u> सहकारी नियमावली सम्बन्धमा ।

निर्णय प्रमाणित ।
८०।०१।१६
वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ५** : प्रस्ताव नं ५ माथि छलफल गर्दा "माछापुच्छ्रे गाउँपालिकाको सहकारी नियमावली, २०८०" पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ६ :** स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं ६** : प्रस्ताव नं ६ माथि छलफल गर्दा माछापुच्छ्रे स्वास्थ्य चौकी वडा नं १ को लागि १ जना हेल्थ असिस्टेन्ट, पाचौं तह स्वास्थ्यकर्मी सेवा करारमा भर्ना गर्न प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ७ :** घर बिदा स्वीकृति सम्बन्धमा ।

**निर्णय नं ७** : प्रस्ताव नं ७ माथि छलफल गर्दा सि. अनमि श्री मुगा थापाले मिति २०८०।०१।२१ देखि लागू हुनेगरी माग गर्नुभएको ९० दिन घर विदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ८ :** आय बन्दोबस्त सम्बन्धमा ।

**निर्णय नं ८** : प्रस्ताव नं ८ माथि छलफल गर्दा गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गरी २ पटकसम्म ठेक्का बोलपत्र आह्वान गर्दा समेत वडा नं ४ स्थित समीबगर - दोबिल्ला घाटको ढुङ्गा, गिट्टी, बालुवा ठेक्का बोलपत्र नपरेको हुँदा गाउँपालिकाले नै नियमानुसार गाउँपालिकाबाट जारी राजश्व रसिद मार्फत स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनलाई आधार लिई राजश्व संकलन गर्ने र यसै माछापुच्छ्रे गाउँपालिका वडा नं ३ निवासी श्री निशान अधिकारी नागरिकता नं ४६-१२-७०-००१९७ को यस गाउँपालिकामा परेको निवेदन बमोजिम निजलाई दैनिक डोर हाजिरीमा राजश्व शाखाको मातहतमा रहनेगरी उक्त घाटको रेखदेख र राजश्व संकलनको लागि खटाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

हरिहर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner